कालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ५ मितिः २०७९/०९/२५


**भाग-१**

**कालिका गाउँपालिका**

## कालिका गाउँपालिका शिक्षा ऐन २०७९

**प्रस्तावना :** सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकुल जनशक्ति तयार गर्न कालिका गाउँपालिका भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरुको प्रभावकारी व्यवस्थापनमा जोड दिदैं शैक्षिक गुणस्तर सुधार गरी जीवनोपयोगी तथा गुणस्तरिय शिक्षा प्रदान गर्न वाञ्छनिय भएकाले नेपालको संविधानको धारा २२६(१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१)ले प्रदान गरेको अधिकार प्रयोग गरी कालिका गाउँपालिकाको १२ औं गाउँसभाले यो शिक्षा ऐन पारित गरी जारी गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **प्रारम्भिक : संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम कालिका गाउँपालिका शिक्षा ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन कालिका गाउँपालिका भरी लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) ऐन भन्नाले कालिका गाउँपालिकाको शिक्षा ऐन २०७९ लाई सम्झनु पर्छ ।

(ख) नियमावली भन्नाले कालिका गाँउपालिकाले बनाएको शिक्षा सम्बन्धी नियमावली भन्ने बुझ्नु पर्छ ।

(ग) कार्यपालिका भन्नाले कालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) माध्यामिक शिक्षा भन्नाले कक्षा नौ देखि कक्षा बाह्र कक्षासम्म दिईने शिक्षा सम्झनु पर्दछ ।

(ङ) विशेष शिक्षा भन्नाले दृष्टिविहिन, अटिज्म,बौद्धिक अपांगता, सुस्त श्रवण वा अतिसक्त शारीरिक अपांगता भएका बालवालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार वा निहित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्दछ ।

(च) सभा भन्नाले कालिका गाउँपालिकाको सभालाई सम्झनुपर्छ ।

(छ) गाउँपालिका भन्नाले कालिका गाँउपालिको कार्यपालिका सम्झनुपर्छ ।

(ज) सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरि अनुमति वा स्वीकृति प्राप्त

विद्यालय सम्झनुपर्छ ।

(झ) संस्थागत विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त तथा निजी क्षेत्रबाट संचालित विद्यालय सम्झनुपर्छ ।

(ञ) आधारभुत विद्यालय भन्नाले प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा आठसम्म शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

(ट) विद्यालय शिक्षा भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(ठ) विद्यालय भन्नाले सामुदायिक वा संस्थागत विद्यालय सम्झनुपर्छ ।

(ड) शिक्षक भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ढ) कर्मचारी भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(ण) तोकिएको वा तोकिए बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा वा नियममा भएको भन्ने सम्झनुपर्छ ।

(त) शैक्षिक गुठी भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(थ) आधारभूत शिक्षा उत्तिर्ण परीक्षा भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(द) अनुमति भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरिन सकेको कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ध) स्वीकृति भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाँउछ ।

(न) स्थायी आवासीय अनुमति भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रिन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

(प) आयोग भन्नाले शिक्षक सेवा आयोग सम्झनुपर्छ ।

(फ) समावेशि शिक्षा भन्नाले दृष्टिबिहीन, बहिरा, अटिज्म, बौद्धिक अपांगता, सुस्तश्रवण वा शारीरिक अपांगता भएका बालबालिकालाई दिइने विशेष किसिमको शिक्षा सम्झनुपर्छ।

(ब) गाउँ शिक्षा अधिकृत भन्नाले सम्बन्धित गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको तोकिएको अधिकृतलाई जनाउँछ ।

(भ) सहकारी विद्यालय भन्नाले सहकारी ऐन बमोजिम स्थापना भई संचालन भएका विद्यालयलाई जनाउँछ ।

(म) प्रधानाध्यपक भन्नाले तहगत रूपमा नियुक्ति भएका सम्बन्धित विद्यालयका प्राज्ञिक तथा प्रशासकिय प्रमुख लाई जनाउँछ ।

(य) सहायक प्रधानाध्यापक भन्नाले प्रधानाध्यापकलाई सहयेग गर्नका लागि व्यवस्थापन समिति द्वारा मनोनित तहगत जेष्ठ शिक्षकलाई जनाउँछ ।

(र) अभिभावक भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बाबु, आमा, हजुरबा, हजुर आमा, दाजु, दिदी, भाउजु, सम्बन्ध पर्ने सो शब्दले कानुन बमोजिम नजिकको हकवला र कानुन बमोजिमा संरक्षकत्व र माथवर भएको व्यक्ति मध्ये विद्यालयको अभिलेखमा जनिएको व्यक्ति समेतलाई जनाउने छ ।

## परिच्छेद २

## बिद्यालय सञ्चालन अनुमति तथा स्वीकृति

**३. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने** :

(१) कसैले शैक्षिक गुठी वा कम्पनी, सहकारी अन्तर्गत विद्यालय खोल्न चाहेमा वडा समितिको निर्णय बमोजिमको सिफारिस लिई शैक्षिकसत्र शुरु हुनुभन्दा कम्तीमा चार महिना अगावै तोकिए बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) विद्यालय खोल्नको लागि तोकिए बमोजिमको पुर्वाधार पुरा गरेको हुनु पर्नेछ ।

(३) दफा ३ को उपदफा १ बमोजिम विद्यालय खोल्ने अनुमतिको लागि निवेदन परेमा शिक्षा शाखा प्रमुखले निवेदन साथ प्राप्त कागजातहरु र स्थलगत जाँचबुझ गर्नेछ । त्यसरी जाँचबुझ गर्दा प्रस्तावित विद्यालयको लागि उपदफा २ बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा आधारभूत विद्यालयको हकमा शैक्षिक सत्र शुरु हुनु भन्दा दुई महिना अगावै र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र शुरु हुनु भन्दा कम्तीमा तीन महिना अगावै आफ्नो राय सहितको प्रतिवेदन शाखा प्रमुखले शिक्षा समितिको वैठकमा पेश गर्नुपर्नेछ ।

(४) संचालन अनुमति माग गरिएको विद्यालय गुठी, सहकारी वा कम्पनी कुन स्वरुपमा संचालन गर्ने अनुमति माग गरिएको हो सो सम्बन्धमा एकिन गरी अनुमति दिने भएमा गाउँ शिक्षा समितिले निर्णय गरी संचलन अनुमतिको

लागि गाउँ कार्यपालिका समक्ष पठाउनु पर्नेछ ।

(५) गाउँसभाले गाउँ कार्यपालिकाको सिफारिस उपयुक्त लागेमा विद्यालय खोल्न अनुमति दिन सक्नेछ। गाउँ सभाको निर्णय बमोजिम शिक्षा शाखा प्रमुखले तोकिए बमोजिमको ढाँचामा अनुमति दिनेछ।

(६) यसरी अनुमति दिँदा प्राथमिक विद्यालयको हकमा शैक्षिकसत्र सुरु हुनुभन्दा ३० दिन अगावै दिनुपर्नेछ र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै अनुमति दिनुपर्नेछ ।

(७) उपदफा (३) बमोजिम गाउँ शिक्षा समितिले विद्यालय खोल्ने अनुमतिको सिफारिस गर्ने निर्णय गर्दा विद्यालय नक्साङ्कन, स्कूल जोनिङ्ग र गाउँ शिक्षा समितिले निर्धारण गरेको गाउँ पालिका र वडाको लागि विद्यालयको अधिकतम संख्याको अधिनमा रही दिनु पर्नेछ।

(८) कसैले यस ऐन विपरीत अनुमति दिएको वा प्राप्त गरेको पाईएमा गाउँपालिकाले छानविन गरी त्यसरी अनुमति प्राप्त विद्यालयको अनुमति जुनसुकै बखत रद्द गर्नेछ र त्यस्तो अनुमति दिनका लागि सिफारिस गर्ने र अनुमति प्रदान गर्ने पदाधिकारी तथा कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ।

(९) प्राविधिक तथा नमुना विद्यालयको संचालनका अन्य शर्त तोकिए बमाजिम हुनेछ।

(१०) सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयको संचलन तथा नियमन संघीय शिक्षा मन्त्रालयले जारी गरेको कार्यविधि अनुसार हुने ।

**४. विद्यालयले पालना गर्नु पर्ने शर्त तथा बन्देजः**

(१) विद्यालयले पालन गर्नु पर्ने शर्तहरु देहाय बमोजिम हुनेछन्।

(क) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नु पर्ने,

(ख) गाँउ शिक्षा समितिको स्वीकृती नलिई थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्न नहुने,

(ग) राष्ट्रियता प्रति आँच आउने पाठ्यसामग्री भएको पाठ्यपुस्तक अध्यापन गर्न, गराउन नहुने,

(घ) विद्यालयमा वालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री बातावरण सृजना गर्ने,

(ङ) अभिभावकको वार्षिक भेला गराई विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि र आगामी शैक्षिक सत्रको कार्यक्रमको जानकारी गराउनु ,

(च) यस ऐन बमोजिम आय व्ययको लेखा राख्नु पर्ने,

(छ) विद्यालयले गरेको लगानीको अभिलेख राख्नु पर्ने,

(झ) विद्यालयमा नेपालको राष्ट्रिय एकता, सार्वभौमिकता, जातिय, क्षेत्रिय, भाषिक, लैगिक , सामाजिक तथा धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप हुन नदिने,

(ञ) शिक्षक सेवा आयोगको सिफारिस अनुसार सामुदायिक विद्यालयको रिक्त दरबन्दीमा शिक्षक नियुक्ति दिने,

(ट) विद्यालयमा नियमित रुपमा परियोजना कार्य, सामाजिक सेवा,अतिरिक्त क्रियाकलाप, तथा अन्य कार्यक्रम सञ्चालन गर्नु पर्ने,

(ठ) विद्यालय तथा छात्रावासमा सत्य, निष्ठा र नैतिक चरित्र निर्माण, उद्यमशिलता पवर्द्धन, समाजिक सद्भाव प्रवर्द्धन तथा सामाजिक विकृति (वालविवाह, निरक्षरता, छाउपडी, दहेज, बोक्सावोक्सी, छुवाछुत, जातीगत उचनीचता, छोरी माथिको विभेद, वालश्रमकालागि विदेश पठाउने आदि ) उन्मुलन को वातावरण कायम गर्न स्थानीय पाठ्यक्रम तयार गरी स्वीकृतीको लागि प्रस्तुत गर्ने र कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउने, आवासीय विद्यालयमा शिक्षा समितिले निर्धारण गरे बमोजिम विद्यार्थीको लागि खाना तथा पौष्टिक आहारको गुणस्तर कायम गर्नु पर्ने,

(ड) गाउँसभाले पारित गरेको कानुन तथा शैक्षिक नीतिको अधिनमा रही काम गर्नुपर्ने छ ,

(ढ) यस ऐन बमोजिम पूरा गर्नु पर्ने पूर्वाधारहरू कायम राख्नु पर्ने र विद्यार्थी संख्याका आधारमा खानेपानी, शौचालय, पुस्तकालय, कक्षा कोठा,खेलमैदान पूर्वाधारको बिस्तार तथा स्तर बृद्धि गर्नुपर्ने,

(ण) मन्त्रालय वा शिक्षा शाखाले निर्धारण गरेको ढाँचामा विद्यालयले शैक्षिक तथ्याङ्क तयार गरी शैक्षिक सत्र सकिएको १५ दिन भित्र शिक्षा शाखामा पठाउनु पर्ने,

(त) विद्यालयले विद्यार्थीको लागि प्रयोग गर्ने सवारी साधन प्रचलित कानुन बमोजिमको मापदण्ड अनुरुप परीक्षण गरिएको हुनु पर्ने,

(थ) तोकिएको मापदण्ड अनुरुप विद्यालयको भवन तथा कक्षाकोठा रङ्गरोगन, सफा तथा सुरक्षित राख्नु पर्ने,

(द) प्रत्येक वर्ष विद्यालयको भौतिक तथा सामाजिक परीक्षण गराई त्यसको प्रतिवेदन शिक्षा शाखामा तोकिएको समयमा तोकिएको पठाउनु पर्नेछ।

(ध) सामाजिक सुरक्षा कर तथा कर योग्य शिक्षक कर्मचारीको कर तोकिएको समय भित्र नै बुझाउनु पर्दछ।

(न) प्राथमिक उपचार तथा नियमित स्वास्थ्य परिक्षणको व्यवस्था गर्ने।

**५. मुनाफा नलिने विद्यालय सञ्चालन सम्बन्धी व्यवस्था:**

(१) संघीय कानूनको मापदण्ड बमोजिम गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले विद्यालय सञ्चालन गर्न निवेदन दिने लगायत त्यस्तो विद्यालयको अनुमति, स्वीकृती र कक्षा थप सम्बन्धी व्यवस्था दफा ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिम विद्यालय सञ्चालन गर्न पूरा गर्नु पर्ने पूर्वाधार तोकिए बमोजिम हुनेछ ।

(३) गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले सञ्चालन गर्ने शिक्षा सम्बन्धी नीति, पाठ्यक्रम, त्यस्ता संस्थालाई दिने अनुदान तथा समन्वय सम्बन्धी व्यवस्था मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. कम्पनी ऐन अन्तर्गत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्ने सम्बन्धी व्यवस्था:**

(१) कम्पनी अन्तर्गत सञ्चालन भएको कुनै विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न चाहनेले सोको अनुमतिको लागि तोकिए बमोजिमको ढाँचामा कार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा स्थानीय  शिक्षा अधिकृत वा निरीक्षकद्धारा त्यस्तो विद्यालयको स्थलगत जाँचबुझ गराई त्यसको प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि उक्त प्रतिवेदन र निवेदनसाथ प्राप्त कागजात जाँचबुझ गर्दा त्यस्तो विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न मनासिव देखेमा शिक्षा समितिको सिफारिस साथ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त सिफारिस जाँचबुझ गर्दा उपयुक्त देखिएमा कार्यपालिकाले त्यस्तो विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न तोकिए बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

**७. विदेशी शिक्षण संस्थासँग सम्बन्धन**

(१) विदेशी शिक्षण संस्थासँग सम्बन्धन प्राप्त गरी विद्यालय खोल्ने अनुमति वा स्वीकृति नेपाल सरकारको पूर्व स्वीकृती नलिई दिन सकिने छैन ।

**८. यस अघि दर्ता भएका विद्यालय सम्वन्धी व्यवस्था:**

(१) यस ऐनमा अन्यत्र जुनसुकै उल्लेख भएपनि यस अघि नियमानुसार दर्ता र संचालनमा रहेका विद्यालयहरु यसै ऐन वमोजिम संचालन भएका मानिनेछन् । तर यस अघि संचालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम विवरण प्राप्त भए पछि शिक्षा शाखाले यस ऐन वमोजिम संचालन गर्न सकिने ,नसकिने र सकिने भए गर्न पर्ने सुधारको खाका सहित प्रतिवेदन पेश गर्नेछ ।

(३) प्राप्त प्रतिवेदन समेतको आधारमा शिक्षा शाखाले गाँउ शिक्षा समिति समक्ष संचालन अनुमती दिन नसकिने भए सोही वमोजिम र शर्त सहित संचालन गर्न पर्ने भए शर्तको विवरण सहित पेश गर्नेछ ।

**९. धरौटी राख्नु पर्ने:**

(१) संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत तोकिए बमोजिम को रकम धरौटीको रूपमा राख्नु पर्नेछ ।

(२) दफा ५ बमोजिम विद्यालय सञ्चालन गर्ने अनुमति लिँदा धरौटी राख्नु पर्ने छैन ।

**१०. धरौटी रकम जम्मा गरिने :**

(१) विद्यालयले दफा ९ बमोजिमको धरौटी बापतको रकम कार्यपालिकाको धरौटी खातामा जम्मा गर्नुपर्नेछ ।

**११. विद्यालय गाभ्न सकिने :**

(१) देहायको कुनै अवस्थामा दुई वा दुईभन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न सकिनेछ :

क) तोकिए बमोजिमको पूर्वाधार कायम नरहेको,

ख) अधिकांश कक्षामा दश प्रतिशत भन्दा कम विद्यार्थी संख्या भएको,

ग) दुई वा सोभन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको,

घ) दुई वा सोभन्दा बढी विद्यालय बीचको पैदल दुरी तीस मिनेट भन्दा कम रहेको,

ङ) दुई वा सो भन्दा बढी विद्यालयका व्यवस्थापन समितिले विद्यालय गाभ्न संयुक्त निवेदन दिएको ।

(२) उपदफा (१) बमोजिमको आधारमा विद्यालयहरु गाभ्ने निर्णय गर्दा गाँउ कार्यपालिकाले त्यस्ता विद्यालयको लागि आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी यकिन गरी बढी हुन आएको शिक्षक तथा कर्मचारीको व्यवस्थापनको विषयमा समेत निर्णय गर्नु पर्नेछ ।

(३) यस ऐनमा उल्लेखित विद्यालय गाभ्ने सम्वन्धि व्यवस्थालाई कार्यान्वयन गर्न कार्यपालिकाले शिक्षा समितिको

सिफारिसमा कार्यविधी बनाई लागू गर्न सक्नेछ । यसरी गाभिएर खाली भएको वा बन्द भएको विद्यालयमा सामुदायिक प्रयोजनका लागि पुस्तकालय, म्युजियम, संवाद स्थल, वा सीप विकास केन्द, सामुदायिक केन्द जस्ता संस्था बनाउन सकिने छ ।

**१२. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पतिको व्यवस्थापनः** दफा ११ बमोजिम विद्यालय गाभिएमा गाभिने विद्यालयमा रहेको चल अचल सम्पत्ति, फर्निचर, पाठ्यपुस्तक, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा नामसारी गरी वा जिन्सी दाखिला गरी आम्दानी बाँधी अभिलेख राख्नु पर्नेछ ।

**१३. विद्यालयको तह वा कक्षा घटाउन सकिनेः** कुनै विद्यालयको सम्बन्धमा दफा १६ को अवस्था विद्यमान रहेको भए तापनि विद्यालय गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यापालिकाले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्नेछ ।

**१४ विद्यालयको कक्षा थप गर्न सकिने :**

(१) कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तिमा दुई महिना अगावै गाउँ कार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा गाउँपालिकाले थप हुने कक्षाको लागि दफा ३(२) बमोजिमको पूर्वाधार पूरा भए वा नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्न शिक्षा शाखामा पठाइदिनेछ । शिक्षा शाखाले स्थलगत जाँचबुझ गर्दा पूर्वाधार पूरा गरेको देखिएमा निर्णयको निमित्त शिक्षा समितिमा पेश गरी समितिको सिफारिस अनुसार गाउँ पालिकाले शैक्षिकसत्र सुरु हुनु अगावै कक्षा थप गर्न अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राविधिक शिक्षा प्रदान गर्ने बाहेक अन्य विद्यालयको कक्षा एघार र बाह्रको कक्षा थप र विषय थप गर्ने अनुमति संघीय शिक्षा मन्त्रालयबाट स्वीकृत मापदण्डका आधारमा गाउँ कार्यपालिकाले दिनेछ ।

## परिच्छेद ३
## शिक्षाको माध्यम तथा पाठयक्रम सम्बन्धी व्यवस्था

**१५. शिक्षाको माध्यम :**

(१) विद्यालय शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालय शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ ।

(क) प्रथमिक शिक्षा मातृभाषामा दिन सकिने ।

(ख) भाषाको विषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**१६. विद्यालयको पाठयक्रम र पाठयपुस्तक :**

(१) विद्यालयले नेपालसरकारद्धारा स्वीकृत पाठयक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्नेछ ।

(२) गाउँ पालिकाले आफ्नो क्षेत्रभित्र तोकिए बमाजिम स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न उपदफा (१) ले बाधा पुर्याएको मानिने छैन ।

## परिच्छेद ४
## गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्था

**१७. गाउँ शिक्षा समितिको गठनः**

(१) कालिका गाउँपालिका भित्रको विद्यालय शिक्षा सञ्चालन हुने बिद्यालय तथा शैक्षिक निकयहरुको रेखदेख, समन्वय तथा व्यवस्थापन गर्नकालागि देहाय बमोजिमको एक गाउँ शिक्षा समिति रहनेछ ।

(क) गाउँ कार्यपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) गाँउ कार्यपालिकाले निर्णय गरेको गाउँ कार्यपालिकाका महिला तथा दलित सदस्य समेत ३ जना सदस्यहरु - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको एकजना अधिकृत कर्मचारी - सदस्य

(घ) संस्थागत विद्यालयहरुको प्रतिनिधी मुलक विध्यालय मध्येवाट अध्यक्षले तोकेको प्रतिनिधी एक जना - सदस्य

(ङ) गाउँपालिका स्तरीय अभिभावक संघका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी समितिले तोकेको प्रतिनिधी एक जना - सदस्य

(च) कालिका गाउँ पालिकाको सामुदायिक विद्यालयहरुमा शिक्षण गर्ने शिक्षकहरु मध्येबाट पालिका अध्यक्षले तोकेको एक जना - सदस्य

(छ) सामुदायिक विद्यालयका प्र.अ.मध्ये कम्तिमा १ जना महिला सहित गाउँ शिक्षा समितिले मनोनित गरेको २ जना -सदस्य

(ज) गाँउ पालिका शिक्षक महासंघका अध्यक्ष वा प्रतिनिधि एक जना -सदस्य
(झ) सामुदायिक विध्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये कार्यपालिकाले मनोनित गरेको एकजना -सदस्य
(ञ) गाउँ पालिका सामाजिक विकास समिति संयोजक -सदस्य
(ट) गाउँ पालिका भित्रका शिक्षा क्षेत्रमा काम गरेका समाजसेवी, शिक्षाविद्द वा चन्दादाता मध्ये गाउँ पालिका अध्यक्षले मनोनित गरेको एकजना -सदस्य
(ठ) शिक्षा अधिकृत - सदस्य-सचिव

(२) वडाध्यक्ष वा गाउँकार्यपालिका सदस्यहरुलाई गाउँ शिक्षा समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिने छ ।

(३) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार
गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
(क) शिक्षा शाखाबाट पेश भएको शैक्षिक योजना माथि छलफल गरी स्वीकृतिको लागी कार्यपालिकामा पेश गर्ने,
(ख) गाउँपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी आबश्यक देखिएमा परिमार्जन सहित स्वीकृत गर्ने,
(ग) नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरुप विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,
(घ) विद्यालयलाई आर्थिक सहायता उपलव्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,
(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना वमोजिम आवश्यक कार्यक्रम बनाउने,
(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,
(छ) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,
(ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने, गराउने,
(झ) विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने,
(ञ) विद्यालय बन्द गर्न सिफारिस गर्ने,
(ट) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने,
(ठ) गाउँस्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा शाखालाई निर्देशन दिने,
(ड) आवासीय विद्यालयका विद्यार्थीका लागि बास, खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने ।
(ढ) आवासीय विद्यालयका विद्यार्थीका लागि बास, खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने ।
(ण) विद्यालयले कायम गर्नु पर्ने न्युनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने ।
(त) गाउँ क्षेत्र भित्र विशेष आवश्यकता भएका वालबालिकाको तथ्यांक संकलन गरी उनीहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठन व्यवस्था मिलाउने ।
(थ) विद्यालय सुधार तथा बिकासका लागि नीति निर्देशन गर्ने ।
(द) विद्यालय सुधार योजना अद्यावधिक गराउन लगाई सो अनुसारका कार्यक्रममा बजेट विनियोजन गर्ने ।
(ध) गाउँपालिकाभित्र शैक्षिक गुणस्तर सुधारकालागि शिक्षकलाई आवश्यकता हेरी काजमा खटाउन सिफारिस गर्ने ।
(न) हरेक वर्ष विद्यालय व्यवस्थापन समिति, प्रधानअध्यापक, शिक्षक, कर्मचारी, विद्यार्थी र विद्यालयलाई पुरस्कार दिन सिफारिस गर्ने ।
(प) विद्यार्थी संख्या र तोकिएको मापदण्ड अनुसार हरेक वर्ष पालिकाभित्र शिक्षक दरबन्दी मिलान गर्ने ।
(फ) शैक्षिक गुणस्तर सुधार कार्यक्रम बनाई लागु गर्ने ।
ब) सामुदायिक विद्यालयको शुल्क परिमार्जन गर्न आवश्यकता, औचित्यता र प्रचलित प्रावधानभित्र रहि सिफारिस गर्ने ।

**१८ वडा शिक्षा समिति सम्बन्धी व्यवस्था**

(१) वडास्तरमा सम्बन्धित वडाको विद्यालय रेखदेख र व्यवस्थापन गर्न एक वडा शिक्षा समिति रहने छ ।
(क) सम्बन्धित वडाको वडा अध्यक्ष - अध्यक्ष
(ख) वडा समितिका सदस्यहरुमध्ये वडा समितिले तोकेको एकजना महिला - सदस्य
(ग) प्रधानाध्यापकहरु मध्येबाट वडा शिक्षा समितिले तोकेको एकजना - सदस्य
(घ) वडाभित्रका शिक्षाप्रेमीमध्येबाट वडा समितिले तोकेको एकजना - सदस्य

(ङ) सम्बन्धित वडाका वडा–सचिव - सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहायवमोजिम हुनेछ :

(क) वडा भित्रको शैक्षिक योजना तयार गरी कार्यान्वयन गर्ने,

(ख) वडा भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(घ) विद्यालयका लागि आवश्यक स्रोत साधन जट्टाउनेर परिचालन गर्ने, गराउने,

(ङ) द्वन्द्व व्यवस्थापन गर्ने,

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने, गराउने र अनुगमनको क्रममा अनियमितता गरेमा कारवाहीको लागि सिफारिस गर्ने ।

(छ) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्न नगरशिक्षा समितिमा सिफारिस गर्ने,

(ज) वडाको शैक्षिक अभिबृद्धिका लागि आवश्यक कार्यहरु गर्ने,

(झ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न सिफारिस गर्ने,

(ञ) उत्कृस्ट कार्य गर्ने शिक्षक र कर्मचारीहरुलाई प्रोत्साहित गर्ने,

(ट) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठनमा सहयोग गर्ने,

(ठ) गाउँशिक्षा समितिले तोकेबमोजिम अन्य कार्य गर्ने,

(ड) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्ने,

(ढ) वडाको गुणस्तरीय शिक्षा विकासका लागि गोष्ठी गर्ने

**१९.गाउँपालिकाले निर्देशन दिन सक्ने :**

(१) गाउँपालिकाले आवश्यकता अनुसार गाउँ शिक्षा समिति, वडा शिक्ष समिति, परिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१)बमोजिम निर्देशन पालनागर्न गाउँ शिक्षा समिति, परिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

## परिच्छेद ६
## काम, कर्तव्य र अधिकार

**२०. गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार** :

१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न शिक्षा समिति, प्रमुख प्रशासकिय अधिकृत तथा स्थानीय शिक्षा अधिकृत, स्रोतव्यक्तिलाई आवश्यक निर्देशन दिने,

(ख) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने,

(ग) शिक्षक सरुवाको मापदण्ड वनाई गाउंपालिकाको तहमा एक रुपता रहने गरी शिक्षक विद्यार्थी अनुपात मिलाउने, गुणस्तर कायम गर्ने, आचार संहिता बनाई लागु गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूको प्रशासन, व्यवस्थापन तथा शैक्षिक विकास सम्बन्धी कार्य योजना स्वीकृत गर्ने र कार्यान्वयन गर्न निर्देशन दिने ,

ङ) प्रदेश तथा संघको कानुन वमोजिम हुने शिक्षा सम्वन्धी विषयहरुको कार्यान्वयन गर्न शिक्षा समितिलाई निर्देशन दिने,

(च) प्रत्येक ६ महिनामा गाउँपालिका भित्रका सबै किसिमका विद्यालयहरुको अनुगमन तथा निरीक्षण मूल्याङ्कन गरी गराई अपेक्षित गुणस्तर कायम गर्ने,

(छ) विद्यालयमा आर्थिक व्यवस्था पारदर्शी तथा सुनिश्चित गर्न वस्तुगत आधार तथा मापदण्ड बनाई लागु गर्ने, गराउने,

(ज) यस ऐनको परिधि भित्र आवश्यक क्षेत्रहरुको मापदण्ड वनाउने,

(झ) शिक्षालाई व्यवहारिक, उद्यमशिल र रोजगारउन्मुख बनाउने नीति अवलम्बन गर्ने ,

(ञ) शिक्षा सम्बन्धी कानुन निर्माणको लागि गाँउ सभामा पेस गर्ने ।

(ट) प्राबिधिक शिक्षा धारको लागि योजना बनाई गाँउ सभामा पेश गर्ने ।

(२) उपदफा (१) मा जेसुकै लेखिएतापनि संस्थागत विद्यालयका हकमा त्यस्ता विद्यालयले पालना गर्नु पर्ने मापदण्ड, गुणस्तर, शुल्क प्रावधान, विपन्न तथा सिमान्तकृत वर्गका छात्र छात्रालाई दिईने छात्रबृत्तिका आधार र प्रतिशत, शिक्षक तथा कर्मचारिहरुको सेवा, शर्त एवं पारिश्रमिक जस्ता विषयमा निर्णय गर्दा संस्थागत विद्यालयहरुको संगठनको समेत सहभागिता एवं राय परामर्श लिई निर्णय गर्नुपर्नेछ ।

**२१. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार :** यस ऐन तथा नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएतापनि प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न गाउँपालिकाको समग्र शैक्षिक नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने/गराउने,

(ख) गाउँ कार्य सम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ग) शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने,

(घ) कार्यपालिकाले प्रत्यायोजन गरेका शिक्षा सम्बन्धी कार्य गर्ने ,

(ङ) गाउँपालिकाको उत्कृष्ट शैक्षिक उपलब्धिका लागि शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गर्ने र सो उपलब्धीपूर्ण रहे नरहेको निरन्तर अनुगमन गर्ने ,

(च) विद्यालयहरुको लेखा परीक्षणको व्यवस्था मिलाउने ,

(छ) शिक्षा सम्बन्धी कुनै प्रस्ताव गाउँ पालिकामा पेश गर्नु पर्ने भए सो गर्ने

**२२. शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार :** ऐन तथा यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त गाउँ शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँ कार्यपालिकाबाट स्वीकृत शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ख) शिक्षा सम्बन्धी कुनै प्रस्ताव गाउँ कार्यपालिकामा पेश गर्नु पर्ने भए प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश गर्ने,

(ग) शिक्षा सम्बन्धी गाउँ स्तरीय योजना वनाई कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्ने र स्वीकृत योजना कार्यान्वयन गर्ने,

(घ) स्थानीय तहको शिक्षाको अवस्था, प्रगति आदि समेटिएको शिक्षा सम्वन्धी स्थितिपत्र तयार गरी प्रत्येक वर्षको बैशाख मसान्त भित्र प्रकाशित गर्ने,

(ङ) विद्यालयमा लागु गरिएको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री सम्बन्धमा सुधार गर्नुपर्ने र निःशुल्क पाठ्यपुस्तकको वितरण प्रणालीलाई प्रभावकारी बनाउने विषयमा व्यवस्थापन समिति तथा शिक्षकको राय लिई सुझाव पठाउने तथा सो सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने,

(च) निजी, धार्मिक तथा गुठी विद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि कार्यपालिका समक्ष सिफारिश गर्ने,

(छ) सरकारी तथा गैरसरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण तथा समन्वय गर्ने,

(ज) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गराउने,

(झ) विद्यालयको वार्षिक शैक्षिक कार्यक्रमको नियमित रूपमा अनुगमन गरी सो अनुसार गर्ने, गराउने,

(ञ) विद्यालय निरीक्षक र स्रोत व्यक्तिले दिएको निरीक्षण प्रतिवेदन उपर कारबाही गर्ने ,

(ट) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्न सहजिकरण गर्न प्राविधिक सहयोग गर्ने,

(ठ) सामुदायिक विद्यालयको स्वीकृत, रिक्त दरवन्दीमा स्थायी पदपूर्तिको लागि आयोगमा लेखी पठाउने,

(ड) कार्यपालिकाबाट स्वीकृत मापदण्डको आधारमा शिक्षकको सरुवा तयारी गर्ने,

(ढ) विद्यालय व्यवस्थापन समितिको सिफारिसमा शिक्षकलाई विद्यालय समय बाहेक वा विद्यालयको नियमित पठन पाठनमा असर नगर्ने गरी अतिरिक्त समयमा अन्यत्र कार्य गर्न पूर्व स्वीकृति प्रदान गर्ने,

(ण) कार्यसम्पादनको आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरुलाई पुरस्कार–तथा दण्डका लागि कार्यपालिका समक्ष सिफारिश गर्ने ,

(त) गाउँ कार्यपालिका, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षा सम्वन्धित आयोगहरुबाट निर्देशित वा प्रत्यायोजित कार्य गर्ने ।

**२३. शिक्षा निरीक्षकको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा अधिकृतको मातहत र प्रत्यक्ष निर्देशनमा रही निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रत्येक दुई महिनामा सवै विद्यालयमा कम्तीमा एक पटक स्थलगत निरीक्षण तथा सुपरीवेक्षण गर्ने, निरीक्षण तथा सुपरीवेक्षण गर्ने क्रममा प्रधानाध्यापक र व्यवस्थापन समितिसँग छलफल गरी छलफल भएको कुरा र निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी व्यहोरा विद्यालयको निरीक्षण पुस्तिकामा जनाउने तथा जनाउन लगाउने,

(ख) ऐन बमोजिम विद्यालय नियमित रूपले सञ्चालन भए नभएको, त्यस्तो विद्यालयमा भौतिक साधन सुरक्षित विद्यालय अनुरुप भए नभएको, शिक्षक पर्याप्त भए नभएको, उपलब्ध साधनको अधिकतम सदुपयोग भए, नभएको र निर्धारित स्तर बमोजिम पठन पाठन भए नभएको र समग्र शैक्षिक गुणस्तर कायम भए नभएको सम्बन्धमा प्रधानाध्यापक, शिक्षक- अभिभावक संघ र शिक्षकसँग विचार विमर्श गरी सो अनुरूप भएको नदेखिएमा सुधार गर्न लगाउने,

(ग) विद्यालय निरीक्षण सम्बन्धि प्रतिवेदन शिक्षा अधिकृत समक्ष पेश गरी निर्देशन वमोजिम गर्ने,

(घ) विद्यालयको विकासको लागि व्यवस्थापन समिति तथा सरोकावालाहरूसँग सम्पर्क तथा आवश्यक सरसल्लाह र

अन्तरक्रिया गर्ने,

(ङ) नमूना शिक्षण गर्ने प्रयोजनको लागि निरीक्षण क्षेत्रभित्रको रोष्टर (समुह) तयार गर्ने र समय-समयमा प्रधानाध्यापक सहित शिक्षकको बैठक बोलाई शिक्षण गर्ने विषयमा देखिएका समस्या समाधानको लागि आवश्यक काम गर्ने, सुत्केरी विदामा बसेका समयमा सम्बन्धित विद्यालयमा रोष्टर पठाउने व्यवस्थापन गर्नु पर्ने ,

(च) शिक्षक तथा विद्यालय कर्मचारीको कार्यक्षमताको मूल्याङ्कन गरी त्यसको अभिलेख शिक्षा शाखामा उपलब्ध गराउने,

(छ) विद्यालयको शैक्षिकस्तर बृद्धि गर्न प्रधानाध्यापक तथा व्यवस्थापन समितिका अध्यक्षहरूको गोष्ठीको संयोजन गर्ने, गराउने,

(ज) परीक्षा समितिको निर्देशन बमोजिम परीक्षा सञ्चालन गर्ने, गराउने,

(झ) विद्यालयको शैक्षिक तथा आर्थिक अभिलेख दुरुस्त भए नभएको निरीक्षण गर्ने, गराउने,

(ञ) आफ्नो क्षेत्र भित्रका शैक्षिक तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी शिक्षा शाखामा पठाउने,

(ट) शिक्षकलाई तालिमको लागि सिफारिस गर्ने र तालिम प्राप्त शिक्षकको सीप को प्रयोग भए नभएको एकिन गर्न कक्षा अवलोकन गरी सुधारका लागि कार्य गर्ने,

(ठ) व्यवस्थापन समितिको बैठक नियमित रूपले बसे नबसेको जाँचबुझ गरी नबसेको भए बैठक बोलाउन प्रधानाध्यापकलाई निर्देशन दिने,

(ड) विद्यालय सञ्चालन सम्बन्धमा प्रधानाध्यापक तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(ढ) आजीवन(निरन्तर) शिक्षा र सीप शिक्षाको उचित प्रवन्ध गर्ने गराउने ,

(ण) विद्यालयका प्र.अ., शिक्षक तथा कर्मचारीको बिदाको अभिलेखको शैक्षिक सत्रको अन्त्यमा प्रमाणित गर्ने र विद्यालयमा राख्न लगाउने,

(त) शिक्षक तथा कर्मचारीको हाजिरी अभिलेख दुरुस्त भए नभएको जाँच वा निरीक्षण गरी बिदा नलिई अनुपस्थित हुने शिक्षक तथा कर्मचारीको हकमा हाजिरी पुस्तिकामा गयल जनाई सोको जनाउ सहित कारबाहीको लागि सम्बन्धित विद्यालय व्यवस्थापन समिति र गाउँ शिक्षा समितिलाई सिफारिस गर्ने,

(थ) आफनो क्षेत्रभित्र सञ्चालन गरिएका अनौपचारिक शिक्षा, विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा र शिक्षाको लागि खाद्य(दिवा खाजा) कार्यक्रमको नियमित रूपमा निरीक्षण तथा अनुगमन गरी स्थानीय शिक्षा समितिमा प्रतिवेदन पेश गर्ने,

(द) विषेष कक्षा, निजी, धार्मिक तथा गुठी बिद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि शिक्षा अधिकृत समक्ष सिफारिश गर्ने ,

(ध) शिक्षा अधिकृतले तोके बमोजिम थप कार्य गर्ने, गराउने ,

(न) गाउँपालिकाले शिक्षा सम्बन्धि प्रत्यायोजित कार्य गर्ने,

## परिच्छेद ७
## परीक्षा संचालन र समन्वय

**२४. परीक्षा संचालन तथा समन्वय समितिः**

(१) गाउँपालिकाको विद्यालयहरुमा परीक्षा संचालन तथा समन्वयको लागि देहायको एक परीक्षा संचालन तथा समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| (क) शिक्षा समितिको अध्यक्ष | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ग) प्रमुख, सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय | सदस्य |
| (घ) सामुदायिक विद्यालयका शिक्षक मध्ये गाउँ शिक्षा समितिले मनोनयन गरेको दुईजना | सदस्य |
| (ङ) शिक्षा अधिकृत | सदस्य सचिव |

(२) परीक्षा संचालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधिसो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) स्थानीय तहको क्षेत्रधिकार वाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(४) कक्षा ५ र कक्षा ८ को परीक्षा संचालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ ।

(५) उपदफा ३ र ४ बाहेकको कक्षाहरुको परीक्षा संचालन समितिले निर्धारण गरेको मापदण्ड वमोजिम विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नेछ ।

## परिच्छेद ८
## विद्यालय व्यवस्थापन समिति सम्वन्धी व्यवस्था

**२५. विद्यालय व्यवस्थापन समितिको गठनः**

(१) यस ऐन अन्तरगत गठन भएको समितिहरुको अधिकार क्षेत्र वाहेक विद्यालय संचालन गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहाय वमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) सम्बन्धित वडा समितिले सिफारिस गरेका २ जना मध्येबाट गउँपालिकाले तोकेको एक जना-अध्यक्ष

(ख) विद्यालयका अभिभावकले आफुमध्येवाट छानी पठाएका कम्तिमा २ जना महिला समेत ४ जना -सदस्य

(ग) सम्बन्धित वडाका वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य मध्ये एकजना -सदस्य

(घ) विद्यालयका संस्थापक तथा शिक्षाप्रेमी मध्ये वि.व्य.स.ले मनोनित गरेको २ जना -सदस्य

(ङ) शिक्षकहरुले आफूमध्ये छानी पठाएको शिक्षक एक जना- सदस्य

(च) प्रधानाध्यापक -सदस्य सचिव

(२) दफा २५ को उपदफा १ ख, ग र घ मा उल्लेखित सदस्यहरुलाई सम्बन्धित विद्यालयले अध्यक्ष पदकालागि वडा समितिमा सिफारिस गर्नेछ , वडा समितिको बैठकबाट अध्यक्ष पदका लागी २ जनाको नाम गाउँपालिकामा सिफारिस गर्नुपर्नेछ र सिफारिस भएको व्यक्तिमध्ये गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको बैठकले अध्यक्ष चयन गर्नेछ ।

(३) विद्यालय व्यवस्थापन समितिको कार्यकाल ३ वर्षको हुनेछ । तर विद्यायालय व्यवस्थापन समितिको काम सन्तोषजनक नभएमा,काम नगरेमा,काम गर्न नसकेको खण्डमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले विद्यायालय व्यवस्थापन समिति विगठन गर्न सक्नेछ ।

(४) कुनै कारणवस विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा वा विगठन भएमा अर्को विद्यालय व्यवस्थापन समिति गठन नभए सम्मको लागि गाउँ शिक्षा समितिको सिफरिसमा सम्वन्धित वडाको वडा अध्यक्षको अध्यक्षतामा गठित वडा शिक्षा समितिले अस्थायी विद्यालयको व्यवस्थापन समितिको रुपमा कार्य गर्न सक्नेछ । नयाँ विद्यालय व्यवस्थापन समिति गठन भएपछि सो कार्यभार नव गठित विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवारी सुम्पनुपर्नेछ ।

(५) प्रत्येक सस्थागत विध्यालयमा विध्यालय सञ्चालकको अध्यक्षतामा देहाय बमोजिम एक विध्यालय व्यस्थापन समिति गठन गर्नु पर्नेछ ,

(क) संस्थापक विध्यालयका सञ्चालकहरु मध्ये एक जना -अध्यक्ष

(ख) सम्बन्धित वडाको अध्यक्ष वा वडा सदस्य मध्ये १ जना - सदस्य

(ग) अभिभावक मध्ये कम्तिमा १ महिला पर्ने गरी अध्यक्षले तोकेको व्यक्ति २ जना - सदस्य

(घ ) शिक्षकहरुले आफूमध्ये छानी पठाएको शिक्षक एक जना -सदस्य

(ङ ) प्रधानाध्यापक -सदस्य सचिव

**२६ व्यवस्थापन समिति विघटन गर्न सक्नेः**

(१) देहायका अवस्थामा शिक्षा समितिको सिफारिसमा गाँउ कार्यपालिकाले विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेको प्रमाणित भएमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बलाएमा,

(ग) प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको नीति एवम् हित विपरीत काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा, वा

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको कानुन अनुसारको निर्देशन उलंघन गरेमा ।

(२) व्यवस्थापन समिति विघटन गर्दा सम्बन्धित पक्षलाई सफाईको मौका दिनु पर्नेछ ।

**२७. प्रधानाध्यापक सम्बन्धी व्यवस्था :**

(१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न स्वीकृत दरबन्दीमा नवढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

(२) आधारभूत तहको कक्षा पाँचसम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभूत तहको अन्य विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तीमा स्नाकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको, कम्तीमा पाँच वर्ष शिक्षकको रुपमा शिक्षण अनुभव भएको, संघीय ऐन तथा सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम शिक्षक बन्ने योग्यता भएको व्यक्तिलाई गाँउ शिक्षा समितिको सिफारिस वमोजिम पाँच वर्षको लागि गाउँकार्यपालिकाले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रधानाध्यापकको पदमा नियुक्ति हुनु पूर्व निजले तोकिए बमोजिमको ढाँचामा विद्यालय विकासको प्रस्ताव लिई सोही आधारमा शिक्षा समितिको निर्णय अनुसार शिक्षा अधिकृतसँग पञ्चवर्षिय कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले जुनसुकै बखत हटाउन सक्नेछ :

(क) निजको आचरण खराब रहेमा,

(ख) निजले कार्यसम्पादन सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा,

(ग) विद्यालयको चल अचल सम्पत्ति हिना मिना गरेमा ,

(घ) यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली विपरितको कुनै काम गरेमा,

(घ) गाँउ शिक्षा समितिले तोकेका काम नगरेमा ।

(५) सामुदायिक विद्यालयको कुनै प्रधानाध्यापकलाई उपदफा (४) बमोजिमको आधारमा पदबाट हटाउनु पर्ने भएमा शिक्षा अधिकृतले त्यस्तो आधार विद्यमान भए नभएको सम्बन्धमा जाँचबुझ गरी गराई प्रतिवेदन लिनेछ र त्यस्तो प्रतिवेदनबाट प्रधानाध्यापकलाई हटाउनु पर्ने देखिएमा पदबाट हटाउन गाँउ शिक्षा समिति समक्ष राय पेश गर्नेछ । गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निजलाई पदबाट हटाउन सक्ने छ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो उपनियम बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(७) बहालबाला शिक्षकमध्येबाट छनौट भएको प्रधानाध्यापकलाई उपदफा (४) को खण्ड (क) वा (ख) बमोजिमको आधारमा हटाएको अवस्थामा निजलाई ऐन बमोजिम विभागीय कारबाही समेत गरिनेछ ।

(८) सामुदायिक विद्यालयको प्रधानाध्यापक विदामा बसेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरुमध्येबाट व्यवस्थापन समितिले तोकेको शिक्षकले विद्यालयको निमित्त प्रधानाध्यापक भई काम गर्नेछ ।

(९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस नियमावली बमोजिम योग्यता पुगेको व्यक्तिलाई प्रधानाध्यापकको नियुक्ति गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्ति गर्न सक्नेछ ।

(१०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाको बखत कार्यरत प्रधानाध्यापक उपदफा (२) बमोजिम अर्को प्रधानाध्यापक नियुक्ति नभएसम्म त्यस्तो पदमा कायमै रहन सक्नेछ ।

(११) प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार तोकिए बमाजिम हुनेछ ।

## परिच्छेद ९
## शिक्षा कोष सम्बन्धी व्यवस्था

**२८. गाउँपालिका शिक्षा कोष :**

(१) गाउँपालिकामा एउटा गाउँपालिका शिक्षा कोष स्थापना हुनेछ,जसमा देहायका रकमहरु हुनेछनः

(क) नेपाल सरकार , प्रदेश सरकार तथा गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान,

(ग) विभिन्न किसिमका शिक्षा सम्वन्धी शुल्कबाट प्राप्त रकम,

(घ) चन्दा बाट उठेको रकम,

(ङ) अन्य स्रोत बाट प्राप्त रकम,

(२) गाउँपालिका शिक्षा कोषको सञ्चालन तोकिए बमाजिम हुनेछ ।

(३) गाउँपालिका शिक्षा कोषको लेखा परिक्षण तोकिए बमाजिम हुनेछ ।

(४) गाउँपालिका शिक्षा कोषमा जम्मा भएको रकम गाउँकार्यपालिकाले तोकिए बमोजिम गरिव जेहेन्दार विद्यार्थीहरुलाई छात्रावृत्तीको रुपमा प्रदान गर्न सक्नेछ ।

(५) गाउँपालिका शिक्षा कोषमा जम्मा भएको रकम शैक्षिक उपलब्धीको आधारमा अनुदान स्वरुप उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद १०
## विद्यालय नियमन सम्बन्धी व्यवस्था

**२९.गाउँ कार्यपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :** गाउँ कार्यपालिकाले गाउँ शिक्षा समितिको राय लिई सञ्चालन भइरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई भन्दा बढि विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालय कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृती दिन

सक्नेछ । विद्यालयको नाम परिवर्तन र स्थान परिवर्तन गर्न शिक्षा समितिको अनुमति लिएर नक्साङ्कन र सिमाङ्कन भैसकेपछि प्रकृया अगाडि बढाउन सकिनेछ ।

**३०. विद्यालयको सम्पत्तिको सुरक्षा र छुट :**

(१) सामुदायिक विद्यालयको नाममा रहेको सार्वजनिक सम्पत्ति हुनेछ । जुन सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालीत संस्थागत विद्यालयको नाममा रहेको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ ।

(३) कम्पनि अन्तर्गत सञ्चालित विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) विद्यालयलाई छुट र सरविधाः प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठिको रुपमा सञ्चालित विद्यालयहरुलाई गाउँपालिकाले विविध छुटहरु दिन सक्नेछ ।

**३१. विद्यालयको वर्गीकरण :** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गर्न सकिनेछ ।

**३२. विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्रको रुपमा कायम गर्नुपर्ने** : विद्यालयलाई स्वतन्त्रर भयरहित रुपमा अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय हाता भित्र कुनैपनि किसिमको अवान्छित कृयाकलाप र दलगत गतिविधि हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्र कायम गर्नुपर्नेछ ।

**३३.अनुगमन समिति :** (१) गाउँ कार्यपालिकाले गाउँपालिका भित्रका विद्यालयहरुको काम, कारवाही, शैक्षिक गुणस्तर, भैतिक व्यवस्था लगाएतका विषयमा अनुगमन गर्नका लागी देहायका व्यक्तिहरुको विद्यालय अनुगमन समिति गठन गर्नेछ ।

(क) गाउँ शिक्षा समितिको अध्यक्ष - संयोजक

(ख) शिक्षा शाखा प्रमुख - सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

(२) अनुगमन समितिले गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयको वर्षमा कम्तीमा एकपटक अनुगमन गर्नेछ ।

(३) अनुगमन समितिले अनुगमन सम्बन्धि कार्यविधि आफै तय गर्नेछ ।

(४) अनुगमन समितिले अनुगमन गर्ने कममा देखिएका विषयवस्तु र कमि कमजोरीको आधारमा उपयुक्त निर्देशन दिनेछ । सो निर्देशन पालना गर्ने दायित्व विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकहरुको हुनेछ ।

(५) अनुगमन समितिको निर्देशन पालना नभएमा थप कारवाहीका लागी राय सहित गाउँ शिक्षा समितिमा सिफारिस गर्नेछ ।

## परिच्छेद ११

## शैक्षिक गुणस्तर परीक्षण समितिको गठन,शुल्क लगायत अन्य व्यवस्था

**३४. शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था :**

(१) गाउँसभाले वार्षिकरुपमा शिक्षाको गुणस्तर मापन गरी सुधारको लागी कार्यपालिकालाई निर्देशन दिनेछ । शिक्षा बिज्ञान तथा प्रविधि मंत्रालयले बनाएको गुणस्तरको खाका र पाठ्यक्रम बिकास केन्द्रले बनाएको पाठ्यक्रम प्ररुपलाई मूल आधार मान्नुपर्नेछ । साथै शैक्षिक गुणस्तर परिक्षण केन्दको निर्देशन कार्यान्वयन गर्नु पर्नेछ ।

(२) गाउँपालिका अन्तरगत विद्यालयहरुकव शैक्षिक गुणस्तर सुधारको लागि देहाय बमोजिम शैक्षिक गुणस्तर परीक्षण समिति रहनेछ ।

(क) गाउँ पालिका प्रमुख ( अध्यक्ष

(ख) सामुदायिक विद्यालयका शिक्षक मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना ( सदस्य

(ग) गाउँपालिकाका वडा अध्यक्ष मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना( सदस्य

(घ) शिक्षाविद मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना ( सदस्य

(ङ) गाउँपालिका शिक्षा अधिकृत ( सदस्य सचिव

(३) यस समितिमा मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (२) बमाजिम गठन भएको समितिले प्रत्येक शैक्षिक सत्रको गुणस्तर परीक्षण प्रतिवेदन बैशाख मसान्त भित्रमा गाउँ शिक्षा समिति समक्ष पेस गर्नेछ ।

(५) शैक्षिक गुणस्तर मापन र प्रतिवेदन तयारीको विधि उपदफा(२) बमोजिम तोकिएको समितिले निर्धारण गरे बमाजिम हेनेछ ।

(६) मनोनित सदस्यको योग्यता तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(७) शैक्षिक गुणस्तर सुधार तथा मापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३५. शुल्क सम्बन्धी व्यवस्था :**

(१) नेपाल सरकार वा गाउँपालिकाले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार,चन्दा वा सहयोग लिन सकिनेछ ।

(३) सबै वालवालिकालाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यामिक तह सम्म निशुल्क शिक्षा प्रदान गर्नको लागी नेपाल सरकार वा गाउँ पालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

**३६. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण र अन्य व्यवस्शथा :**

(१) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न गाउँपालिकामा एक पालिकास्तरीय शिक्षक महासंघ रहन सक्नेछ ।

(२) शिक्षक महासंघको गठन तोकिए बमोजिम हुनेछ ।

(३) देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाई पदवाट हटाइनेछ ।

(क) पदिय दायित्व पूरा नगरेमा,

(ख) बिना सूचना लगातार १५ दिन भन्दा वढी समय विद्याधलयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवनगरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पायमा,

(ङ) शिक्षक वा कर्मचारी राजनैतीक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा ।

**३७. स्थायी आवासीय अनुमति लिन नहुने :** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासिय अनुमति लिन वा यस्तो अनुमति प्रप्त गर्नकालागि आवेदन दिन हुदैन। यो ऐन लागुहुनु पूर्व कसैले स्थायी आवासिय अनुमति लिएको वा लिन निवेदन दिएको भए यस्तो शिक्षक वा कर्मचारीलाई भविश्यमा अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ ।

**३८. शैक्षिक योग्यता :** विद्यालय शिक्षककोलागि चाहिने शैक्षिक योग्यता शिक्षक सेवा आयोगले तोकिए बमाजिम हुनेछ ।

**३९. शिक्षक विद्यार्थी अनुपात मिलाउने :** सामान्यतय गाउँ शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नेछ ।

**४०. वालवालिकालाई निष्कासन गर्न, शारीरिक र मानसिक दुर्व्यवहार गर्न नहुने :** (१) कुनैपनि वालवालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत वालवालिकालाई शारीरिक र मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**४१. शिक्षक सरुवा सहमति :**

(१) अन्तरपालिका वा अन्तर जिल्ला सरुवा भई जान चाहने शिक्षकहरुले सरुवा समहतिको लागि सरुवा भई जाने र सरुवा भई छोड्ने दुबै विद्यालयको सहमति पत्र सहित तोकिए बमाजिमको फारम भरी गाउँपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदाफा (१) बमोजिम प्राप्त निवेदन माथि छानविन गरी आवश्यक ठानेमा गाउँपालिकाको कार्यालयले सरुवा सहमति दिन सक्नेछ ।

**४२. कामकाजमा खटाउन सकिने**

(१) गाउँ कार्यपालिकाले शिक्षक विद्यार्थी अनुपातमा कुनै विद्यालयमा शिक्षक अभाव देखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा सम्वन्धित तहको शिक्षकलाई आन्तरिक रुपमा एक विद्यालयबाट अर्को विद्यालयमा काजमा खटाउन सक्नेछ ।

(२) यस ऐनमा अन्यत्र जे सुकै लेखियको भएतापनि कुनै विद्यालयमा शिक्षकको व्यवस्था नगरी नहुने अवस्था आईपरेमा कुनै विद्यालयमा ५ वर्ष अध्यापन गरीसकेका शिक्षकलाई गाउँपालिका भित्र आन्तरिक रुपमा अन्यत्र काजमा खटाउन सकिनेछ ।

**४३. तलव भत्ता नपाउने र सेवा अवधि गडना नहुने :** नियम अनुसार विदा स्वीकृत गराई वसेको अवस्थामा बाहेक विद्यालय अनुपस्थित रहेको शिक्षकले अनुपस्थीत अवधिको तलव भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गडना हुने छैन ।

**४४. अध्यापन अनुमति पत्र लिनुपर्ने :** शिक्षक सेवा आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैलेपनि सामुदायिक विद्यालयमा शिक्षण गर्न पाउने छैन ।

**४५. विद्यालय कोष :** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहायका रकम सहनेछन् ।
(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,
(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान,
(ग) विभिन्न किसिमका शिक्षा सम्वन्धी शुल्कबाट प्राप्त रकम,
(घ) चन्दा बाट उठेको रकम,
(ङ) अन्य स्रोत बाट प्राप्त रकम
(२) उपदफा (१) बमाजिमको कोषको सञ्चालन र लेखापरिक्षण तोकिए बममाजिम हुनेछ ।

**४६. अनुमति नलिई शैक्षिक परामर्श सेवा, व्रिज कोर्ष कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्न नहुने :**
(१) कसैले पनि गाउँपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, व्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा र टयुसन वा कोचिङ्ग सेन्टर सञ्चालन गर्न पाइने छैन ।
(२) उपदफा (१)बमाजिमको शैक्षिक कार्यक्रम सञ्चालनको अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमाजिम हुनेछ ।

**४७. प्ररम्भिक बालविकास शिक्षा :**
(१) प्ररम्भिक बालविकास शिक्षाको सञ्चालन तथा व्यवस्थापन तोकिए बमाजिम हुनेछ ।
(२) गाउँपालिकाले प्ररम्भिक बालविकास केन्द्रलाई तोकिए बमाजिम अनुदान दिन सक्नेछ ।

**४८. अनैपचारिक शिक्षा :** गाउँपालिकाले स्थानीय आवश्यकताको आधारमा अनैपचारिक शिक्षा कार्यक्रम विशेष शिक्षा, निरन्तर सिकाई, दूर शिक्षा तथा समावेशी शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

**४९. सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने :** गाउँपालिकाले समुदायमा साक्षरता, सिप विकास, आय आर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालनका लागि तोकिए बमाजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**५० प्रगति विवरण बुझाउन पर्ने :** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमाजिमको विवरण सहितको प्रगति विवरण गाउँपालिकालाई बुझाउनु पर्नेछ ।

**५१ दण्ड र सजाय :** (१) कसैले विद्यालयको सम्पति हिनामिना गरेमा वा नोक्सान गरेमा यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुलउपर गरी बिगो बमाजिमको रकम बराबर जरिवाना गर्न सक्नेछ ।

**५२. अदालतको आदेशबाट पुनर्बहाली हुन सक्ने** : विभागीय सजाय भई नोकरीवाट हटाईएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमाजिम मात्र नोकरीमा पुन:र्बहाली हुन सक्नेछ ।

**५३ मुद्दा हेर्ने अधिकार :**
(१) दफा ५१ बमोजिम सजायहुने कसुर सम्बन्धी मुद्दामा कारवाहि र किनारा गर्ने अधिकार अदालत लाई मात्र हुनेछ ।
(२) यस ऐन बमाजिम कारवाहि तथा सजाय हुने मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

**५४. दरबन्दी सिर्जना गर्न सक्ने :**
(१) नेपाल सरकारद्धारा स्वीकृत दरवन्दी नभएका र दरवन्दी नपुग भएका विद्यालयका लागि गाउँपालिकाले आवश्यकता अनुसार निश्चित समयका लागी करार शिक्षक तथा कर्मचारी राख्न सक्नेछ ।
(२) विद्यालय तहमा रहेका बालविकास सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारीका लागि थप सेवा सुविधा व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद १२
## विविध

**५५. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यन्वयन गर्न गाउँ कार्यपालिकाले नियमावली तथा कार्यबिधि बनाउन सक्नेछ ।

**५६. विद्यार्थी छात्रावृत्ती :** विद्यार्थीहरुलाई प्रदा गरिने छात्रावृत्ति सम्बन्धी व्यवस्था तोकिए बमाजिम हुनेछ ।

**५७. निर्देशिका तथा कार्यविधि बनाउन सक्ने :** यस ऐनको कार्यन्वयनका लागी गाउँ शिक्षा समितिले आवश्यक नियमावली तथा कार्यविधि बनाई गाउँ कार्यपालीका वाट स्वीकृत गरी लागू गर्न सक्नेछ ।

**५८. बाधा अड्काउ हटाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यन्वयनमा कुनै वाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो वाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ, त्यस्तो आदेश यसै ऐन बमोजिम भएको मानिनेछ ।

**५९. बचाउ र लागु नहुने :**
(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा उल्लेखित कुराहरु सोही बमोजिम र उल्लेखित नभएका कुराहरु प्रचलित संघीय कानुन बमाजिम हुनेछ ।
(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिनाको कसुरमा प्रचलित भ्रष्टाचार निवारण ऐन अन्तर्गत कारवाही चलाउन वाधा पर्ने छैन ।

(३) यस ऐन लागु भैसकेपछि यस अघिको कालिका शिक्षा नियमावली २०७४ स्वतः खारेज हुनेछ पुनः यसै ऐन अनुसार नियमावली तथा कार्यविधि बनाउनु पर्नेछ ।

(४) यस ऐन पारित भैसकेपछि यस अगाडिको कालिका गाउँ शिक्षा नियमावली २०७४ अनुसार गठन भएका सम्पूर्ण समितिहरु (गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, परिक्षा समिति, विद्यालय व्यावस्थापन समितिहरु) विघटन हुनेछ पुन : यसै ऐन अनुसार सम्पूण समितिहरु पुर्नगठन गर्नुपर्नेछ ।

**प्रमाणीकरण मितिः** २०७९/०९/२२ **गाउँसभाबाट स्वीकृत मितिः** २०७९/०९/२२

आज्ञाले,

शितल वहादुर रावल

प्रमुख प्रशासकीय अधिकृत